स्वस्थानी व्रतकथा परम्परा :
एक सिंहावलोकन

KashinathTamot

Kashinath Tamot is a freelance researcher, notably involved in researches on Kumari, Nepalmandal and Nepal Samvat. He is also the founder of movement of Nepalmandal as Newar Identity and is the President of Nepalmandal Anushandhan Guthi. He currently serves at Nepal German Manuscript Cataloguing Project. His hundreds of articles in Nepalbhasa, Khasbhasa and English have been published in various papers and magazines. He retired as Reader from Central Department of Nepalbhasa, TU.

प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना स्वस्थानीको व्रतकथा श्रवण गर्ने परम्परा नेपालको एक राष्ट्रिय चरित्र जस्तो भएको छ। नेपालबाट विदेसिएका र त्यहाँ बसोबास गरेका नेपालीहरूको नेपालबाट लगिएको एक सांस्कृतिक परम्परा पनि यो भएको छ। भारतको विभिन्न ठाउँमा पुगेका नेपालीहरूले मात्र होइन समुद्रपार थाइल्याण्ड, अझ फिजी द्वीपमा पुगेका नेपालीहरूले समेत स्वस्थानीको व्रतकथा बर्सेनी सुनेर नेपाललाई बिर्सन नसकेको कुरा पनि सुनिन्छ।

यस्तो लोकप्रिय कथा कहाँबाट कसरी फैलियो, सो कुराको सरसरी खोजी गर्ने जमर्को यहाँ गरिएको छ। यस कामको ऐतिहासिक विकास थाहाँ पाउन नेपाल-जर्मन पाण्डुलिपि संरक्षण परियोजनाद्वारा दुई दशक (ई. १९७०-१९९०) भित्र छविचित्र (माइक्रोफिल्म) लिइएका ६२६ वटा स्वस्थानीलाई यहाँ आधार बनाइएको छ। हाल प्रचलित स्वस्थानीको आधारशिला भने विश्वराज शर्मा लिखित तथा सर्वहितैषी कम्पनी, वाराणसीद्वारा विसं २०३७ (ई. १९८०) मा प्रकाशित श्री स्वस्थानी व्रतकथालाई बनाइएको छ।

‘स्वस्थानी’ नाम कसरी रह्यो होला भन्ने खुल्दुली प्रायः सबैजसोलाई परेको छ। यो नाम Vaman Shivram Apte को प्रसिद्ध *The Practical Sanskrit-English Dictionary* (ई. १८९० देखि प्रचलित) मा छैन। अझ यो नाम Monier Monier(Williams को बृहत् *A Sanskrit(English Dictionary* (ई. १८९९ देखि प्रचलित) मा पनि छैन। नेपाली साहित्यका इतिहासकार शरद्चन्द्र शर्माले यो ‘स्वस्थानीय’ शब्दबाट विकसित भएको परिकल्पना गर्नुभएको छ (‘पहिलो प्रकाशित स्वस्थानी र त्यसको शोधक’, *प्रज्ञा,* ४१, विसं २०३९)। संस्कृत, नेपालभाषा र नेपालीभाषाका प्राचीनतम स्वस्थानीका प्रयोग हेर्दा स्वस्थानी शब्द ‘स्वस्थानपरमेश्वरी’ शब्दको प्रयोगाधिक्यबाट छोटो भएर निर्माण भएको देखिन्छ। ‘स्वस्थान’मा ‘परमेश्वरी’को ईकार गाभ्न गई एक स्वतन्त्र देवीवाचक शब्द बन्न पुगेको देखिन्छ। यो शब्दको पनि तत्कालीन नेपालभाषाको बोलीचाली रूप सुठाहि/सुठायि वा सुठा मात्र पनि भएको पाइएको छ (ऐश्वर्यधर शर्मा, *स्वस्थानी,* विसं २०५५, पृ. फ)।

जसरी संस्कृत शब्दको इतिहासमा 'स्वस्थानी' नेपालको एक मौलिक शब्द हो, त्यसरी नै भारतीय संस्कृत पुराण परम्पराका अनेक कथा शृङ्खलामा स्वस्थानी व्रतकथा नेपालको एक मौलिक कथा थपनी हो । अहिले सबैजसो स्वस्थानी पुस्तकमा उल्लेख गरिने पुछारको वाक्यांश "श्रीस्कन्दपुराणे केदारखण्डे माघ माहात्म्ये कुमारागस्त्य संवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथा" बाट यो स्कन्दपुराण अन्तर्गतको कथा हो भन्ने देखाइएको छ । यसमा आंशिक सत्यता छ। तल यसबारे अरु खुलस्त पारिएको छ। छविचित्रित स्वस्थानीको ६२६ प्रतिमध्ये १३५ प्रतिमा स्रोत पुराणको उल्लेख पाइएको छ । त्यस अनुसार स्कन्दपुराणको मात्र होइन स्वस्थानी लिङ्ग, पद्म र शिवपुराणबाट लिइएको उल्लेख पनि आउने गरेको छ । पुराण उल्लेख गरिएका विविध पुराणको छविचित्र यसप्रकार पाइएका छन् -

१. लिङ्गपुराण ५९
२. स्कन्दपुराण ४९
३. पद्मपुराण २४
४. शिवपुराण ३

यी चारै पुराणका कथा प्रसङ्गहरू स्वस्थानीमा समाविष्ट भएको कुरा पनि साँचो हो । तर पनि स्वस्थानी नेपालको एक मौलिक कथा देखिएको छ ।

नेपाली स्वस्थानीको स्रोतबारे विद्वान्हरूले विचार गरेका छन् । यसतिर पहिले ईश्वर बरालले *भ्यालबाट* (नेपाली कथा संग्रह, बनारस : नरेन्द्रप्रसाद रेग्मी, २००६, पृ. १७) मा आफ्नो विचार व्यक्त गर्नुभयो । उहाँको स्वीकारोक्ति छ -

नेपाली समाजमा सर्वाधिक प्रचारित आख्यान यै (वीरसिक्का) हो । तर गद्यको प्रसङ्गमा स्वस्थानी व्रतकथालाई वाद दिनु हुन्न । यो पनि यसै ताकको प्रकाशन हो । यसको पाठ गर्ने प्रथा नेवारबाट पर्वतेले सिकेको हो, तापनि पुस्तकाकारमा मोतीराम भट्टको युगमा नै गद्यको व्यापक प्रचार भएको हो भन्न सक्छौं ।

प्रताप मल्लद्वारा नेसं ७९४ माघशुक्ल श्रीपञ्चमीको दिनमा मखन, तारिणीबहालमा स्थापना गरिएको स्वस्थानीको मूर्ति

यस प्रसङ्गमा ज्ञानमणि नेपालले बढी खोजिनीति गर्नुभयो । "पौराणिक परम्परामा नेपालीभाषाको पुराण भक्तिकाव्य - रामायण" को परिचय प्रसङ्गमा उहाँले स्वस्थानीबारे विशेष उत्साहित भएर तलका कुरा लेख्नुभएको छ -

संस्कृतभाषामा मात्र पुराण लेख्ने पुरानो परम्परालाई छाडेर कुनै व्युत्पन्न नेपाली पौराणिकले आफ्नै मातृभाषामा पनि पुराणको प्रादुर्भाव गराए। स्वस्थानी व्रतकथालाई यसको उदाहरणमा हामी प्रस्तुत गर्न सक्छौं। स्वस्थानी व्रतकथा एउटा सानो उपपुराणकै रूपमा रहेको हामी पाउँछौं। मल्ल शासनको समयमा यसको उत्पत्ति भएको थियो । यसको मूल नेवारी भाषामा थियो । आज नेपाली भाषामा यसको प्रतिसंस्करण भएको छ। (*उदय*, २८: १-४/२०२२ श्रावण)

घटराज भट्टराईले "स्वस्थानी व्रतकथाको राष्ट्रिय मूल्य र महिमा" आँक्ने सिलसिलामा यो नेपालको मौलिक कृति हुनुपर्ने तर्क यसप्रकार दिनुभएको छ - "हिन्दी आदि अरु भाषामा स्वस्थानी पुस्तक भेटिंदैन । तसर्थ स्वस्थानी व्रतकथा नेपालीहरूको मौलिक चिन्तन हो र आफ्नै उपलब्धि हो ।" (*गोरखापत्र*, २०४५ माघ २२ शनिवार, पृ. ख)

आखिरमा जगदीशचन्द्र रेग्मीले ईश्वर बराल र ज्ञानमणि नेपालहरूकै विचारको समर्थन गरी "नेपालभाषामा स्वस्थानी व्रतकथा ई. १५७३ देखि पाइएको देख्दा यो कथाको परम्परा काठमाडौं उपत्यकाको मल्ल संस्कृतिको देन हो भन्ने तथ्य बुझ्न सकिन्छ" भन्नुभएको छ ('श्रीस्वस्थानी', *उपकार*, ९:४/२०४६ पुस, पृ. १६)

© No part of this publication shall be reproduced in any form without written permission of Matina and the author of the article.

माथि उल्लेखित विद्वान्हरूले वर्तमान नेपालमा प्रचलित स्वस्थानीको मूल नेपालभाषाको स्वस्थानी हो भन्ने ठानेका छन्। यसो हुँदा स्वस्थानी प्राप्त विविध भाषाबारे चासो लिनु आवश्यक भएको छ। छविचित्रित स्वस्थानीका क्याटलग-कार्ड अध्ययन गर्दा विविध भाषाका स्वस्थानी निम्नानुसार पाइएका छन् -

क्रम	भाषा	नेसं/विसं	शीर्षक	पत्र	छविचित्र
१.	संस्कृत	६९३/१६२९	स्वस्थान परमेश्वर्या व्रतकथा	८	बी १३/४२
२.	नेपालभाषा	७२३/१६५९	स्वस्थानी परमेश्वरीया व्रत	३४	ए ३४४/५
३.	मैथिली	८३१/१७६७	स्वस्थानीपरमेश्वरी व्रत चरित्र (नाटक)	१०७	ई २१४/२
४.	नेपाली	९३०/१८६७	स्वस्थानपरमेश्वरका धर्मव्रत	५३	एफ ३०/३१
५.	हिन्दी	९९२/१९२९	स्वस्थानी कौतुक (नाटक)	४२	ई ११६१/७

यस सूचीबाट स्वस्थानीको मूल नेपालभाषा नभएर संस्कृत भएको र "हिन्दी आदि अरु भाषामा स्वस्थानी पुस्तक भेटिंदैन" भन्ने कुरा आंशिक मात्र सत्य भएको देखिन्छ।

नेसं ६९३ को प्राचीनतम संस्कृत स्वस्थानीको परिचय सर्वप्रथम हामीलाई ऐश्वर्यधर शर्माले आफ्नो *स्वस्थानी* (विसं २०४५) को भूमिका (पृ. प) मा गर्नुभएको हो। त्यसमा भाषा उल्लेख नगरिदिंदा माथि उद्धृत अंशमा जगदीशचन्द्र रेग्मीले त्यसलाई नेपालभाषा ठान्नु भएको छ। जम्मा १४८ श्लोकमा ताडपत्रमा गर्न नसकिने भएको छ। मूल माइक्रोफिल्म हेरी पत्ता लगाइएका मध्ये १४ वटा संस्कृत भएको थाहा भइसकेको छ। संस्कृत मात्रको स्वस्थानी पनि मध्यकालमा प्रचलित भएको तथ्य नेसं ६९३ बाहेक नेसं ७३०, ७७२, ७९६ को संस्कृत स्वस्थानी पनि पाइएकोबाट चाल पाइन्छ। यो क्रम पछिपछि पनि फाटफुट पाइएको छ। उदाहरणको लागि नेसं ९७३ र १००९ को संस्कृत स्वस्थानीलाई लिन सकिन्छ। शुरुमा संस्कृत स्वस्थानीको लगत्तैपछि नेपालभाषामा अनुवाद सहित संस्कृत स्वस्थानी बनिन थाले। छविचित्रित स्वस्थानीहरूमा ३१ ताडपत्रमा नेपाललिपिमा लेखिएको यस ग्रन्थलाई नेपाल-जर्मन पाण्डुलिपि संरक्षण परियोजनाले बी १३/४२ संख्यामा छविचित्र लिएको छ। यसैलाई स्वस्थानी परम्पराको मूल ग्रन्थ मान्नुपरेको छ। यसको मूल लेखक अज्ञात छ। सामान्यतया पुराणसंग गाँस्ने उद्देश्यले निर्मित कुनै पनि कथाको लेखन व्यासलाई मानिदिने धार्मिक परम्परा नेपालमा रहेको छ।

स्वस्थानी सम्बन्धी खोजीको सिलसिलामा प्राचीनतम संस्कृत पाठ्य र प्राचीनतम



नेसं ७२३ को स्वस्थानी ग्रन्थको पुष्पिका वाक्य

नेपाललिपिमा लिखित उक्त "स्वस्थानी व्रतकथाको सबभन्दा प्राचीन स्वरूप" को कथासार शर्माले पछि प्रकाशित गर्नुभयो (*नेपाली आवाज,* २०४६ पुस २८)।

नेपाल-जर्मन पाण्डुलिपि संरक्षण परियोजनाले शुरुमा क्याटलग बनाउँदा भाषा उल्लेख नगरिदिएको र संस्कृत भएमा झन् उल्लेखै नगर्ने नीति बनाएकोले छविचित्रित स्वस्थानीमध्ये कति संस्कृत भाषाका हुन् यकीन वटा त्यस्ता पाइएका छन्। संस्कृत साथै दिने चलन शुरुमा मात्र होइन नेसं ९७३/विसं १९२० सम्म पनि रहेको तथ्य भेटिएको छ। संस्कृत भाषा मात्रको स्वस्थानी कुनै पण्डित राखी वाचन गराउने परम्परा रहेको हुनुपर्छ।

प्राप्त प्राचीनतम संस्कृत स्वस्थानी नेसं ६९३ फागुन शुक्ल ५ बिहिवार जयन्तदेवले सारेको प्रति हो। यो राष्ट्रिय अभिलेखालय, तेस्रो लगत १९१ संख्यामा पोको पारिएको छ। नेपालभाषाको पाठ्य तुलना गर्दा सौभाग्यवश मूल संस्कृतकै नेपालभाषामा अनुवाद गरिएको थाहा लागेको छ। नेसं ७२३ को प्राचीनतम नेपालभाषाको शुरुको २८ श्लोक स्वस्थानी व्रतविधि बताउने प्रारम्भिक कुरा र पछिल्लो ५ श्लोक उपसंहार खण्ड मात्र संस्कृत सहित दिइएका छन्। बाँकी मूल गोमा नवराज कथा अंश चाहिं बिना संस्कृत स्वतन्त्र अनुवाद दिइएको छ। यसरी मूल संस्कृतको १४८ श्लोकमध्ये करीब ११५ श्लोक कथा

© No part of this publication shall be reproduced in any form without written permission of Matina and the author of the article.

खण्ड भएको देखिएको छ । यसरी स्वतन्त्र अभिव्यक्ति दिन खोज्दा अनुवादकले कुरा स्पष्ट पार्न केही थप्ने अवसर पनि पाएका छन् । राष्ट्रिय अभिलेखालयको प्रथम लगत, संख्या ३८२ मा रहेको कागतमा लेखिएको ३४ पत्र भएको नेपाललिपिको यस ग्रन्थलाई नेपाल-जर्मन पाण्डुलिपि संरक्षण परियोजनाले मे ८, १९७२ मा ए ३४४/५ संख्यामा छविचित्रण गरेको छ । त्यहाँ यसको नाम लिङ्गपुराणस्वस्थानी व्रतकथा राखिएको छ । राष्ट्रिय अभिलेखालयको लगत पुस्तकमा 'स्वस्थानी भाषा' नाम दिई सो पुस्तक दुईवटा भएको र सो नेसं ७१३ को भएको कैफियत जनाइएको छ । साँच्चै नै सो पुस्तक एकै लिपिकार मानसकार राम सुवारले सारेको दुई प्रति पाइएको छ । दोस्रो प्रति ३२ पत्रको छ। यो प्रति दुईपटक ए ३४३/९ र ए १०३०/१५ मा छविचित्रित गरिएको छ । राष्ट्रिय अभिलेखालयको मूल प्रथम लगत पुस्तक र डा. कमलप्रकाश मल्लको *Classical Newari Literature : A Sketch* (Kathmandu : Educational Enterprizes, 1982, p. 51) पुस्तकमा नेसं ७२३ माघ शुक्ल पञ्चमी शुक्रवार लेखिएको प्राचीनतम नेपालभाषाको स्वस्थानीको मिति भ्रमवश नेसं ७१३/ईसं १५९३ लेखिएकोले सो संवत् कतिपय उद्धरणकर्ताहरूले सार्दा भूल हुन गएको देखिएको छ ।

स्वस्थानी एक जनस्तरको व्रतकथा भएको प्रसङ्गमा यहाँ ईशवीको सोन्हौं शताब्दीको अन्त्यमा ई. १५७३ देखि प्रचलित संस्कृत स्वस्थानी छँदा ब्राह्मण पण्डितहरूबाट कथावाचन हुने परम्परामा ३० वर्षपछि सत्रौं शताब्दीको शुरुमा ई. १६०३ मा नेपालभाषामा अनुवाद भएपछि यो कथावाचन पण्डितस्तर बाट जनस्तरमा ओर्लेको मान्न सकिन्छ । यसपछि स्वस्थानीकथाले लोकप्रियता हासिल गर्दैगयो। छविचित्रित ६२६ स्वस्थानीमा भाषा थाहाँ पाइएका ३२७ वटामध्ये नेपालभाषामा २७५ (८३ प्रतिशत), खसभाषामा ३८ (१२ प्रतिशत) र संस्कृतमा १४ (५ प्रतिशत) स्वस्थानी पाइएका छन्। यसबाट नेपालभाषामा लेखिएका स्वस्थानीको लोकप्रियता झल्किन्छ। यहाँ आशा सफूकुथिमा ६२ वटा अलग नेपालभाषाका स्वस्थानी रहेको सम्झनु लायक छ। काठमाडौं उपत्यकामा अझै घरघरमा पुराना स्वस्थानी रहेको तथ्य पनि यहाँ बिर्सनु हुँदैन। स्वस्थानी पुस्तकको आधिक्यले गर्दा नेपाल-जर्मन पाण्डुलिपि संरक्षण परियोजनाले ई. १९९० देखि छविचित्र नै लिन छोडेको छ। स्मरणीय छ, राष्ट्रिय अभिलेखालयमा ९० वटा र अन्य व्यक्तिगत संकलनबाट ५३६ वटा स्वस्थानीको छविचित्र लिइएको छ ।

शुरुमा नेपालभाषाको स्वस्थानी संस्कृत सहित लेखिने गरेकोमा क्रमशः स्वतन्त्र र बुट्टा भर्दै लेखिदै गरेको देखिन्छ। शायद स्वतन्त्र स्वस्थानी लेखन नेसं ७५५ देखि भयो। यो स्वस्थानीव्रत काठमाडौं असनका धनभाजु तुलाधरले परिवार सहित भई विश्वानन्दनद्वारा लेखाइएको प्रति हो (चित्तधर हृदय, *नेपालभाषा साहित्यया जातः,* नेसं १०९१, पृ. ३३-३५)।

नेपाली साहित्यको इतिहासमा स्वस्थानीको विशेष महत्त्व छ। यसको चर्चा शुरुदेखि हुँदै आएको छ। यस सम्बन्धमा ईश्वर बरालको *भ्यालबाट,* तेस्रो संस्करण (२०२५) को पादटिप्पणीमा विसं १६५८ को नेपाली स्वस्थानी व्रतकथा केशर पुस्तकालयमा रहेको दावी गर्नुभएको चर्चाको विषय बनेको छ । तर कसैले त्यसलाई अझसम्म त्यहाँ देख्न पाएको छैन। यसो हुँदा नेपाली साहित्यको इतिहासमा दयाराम श्रेष्ठले *नेपाली साहित्यको संक्षिप्त इतिहास* (नेराप्रप्र, २०३४) मा उल्लेख गरेको विसं १८७८ को केशर पुस्तकालयकै स्वस्थानी व्रत कथाहा पाण्डुलिपिलाई प्राचीनतम नेपाली स्वस्थानीको रूपमा मान्नु भएको छ । यस प्रसङ्गलाई नेपाली साहित्यका इतिहासकार सबैजसोले अगाडि बढाएका छन् । अहिले यसभन्दा ११ वर्ष अगाडिको नेपाली स्वस्थानी पाइएको छ ।

नेपाल-जर्मन पाण्डुलिपि संरक्षण परियोजनाले गोरखामा डिसेम्बर २४, १९८२ देखि अगस्ट १८, १९८३ भित्र ९७३ थान ग्रन्थको छविचित्र लिएको छ । जुलाइ ५, १९८३ मा त्यहाँ पूर्णबहादुर बस्नेतले १० थान पाण्डुलिपि ग्रन्थ छविचित्रमा उतार्न ल्याएका थिए। त्यसमध्ये शक संवत् १७३२ अर्थात् विसं १८६७ को स्वस्थान परमेश्वरका धर्मव्रत (कथा) पनि एक थियो । परियोजनाका पण्डितले त्यसलाई स्वस्थानी व्रतकथा नाम राखी रील नं एफ् ३०/३१ मा छविचित्र गर्न लगाए। अघिल्लो ३ पत्र नभएको, पत्र ६ डबल रहेको, जम्मा पत्र ५५ सम्म भएको २४.५ ह १६ सेमी लामो देवनागरीमा नेपाली कागजमा लेखिएको सो स्वस्थानी पाल्पा, श्रीनगरमा केशरसिंह बस्नेतले सारेको हो । यसमा वर्तमान प्रचलित स्वस्थानीको प्रायःजसो अंग तथा कथा शृङ्खला गुँथिसकिएको छ । कथा गोमा-नवराजको घटनाबाट स्वस्थानी सिद्धिनुपर्नेमा यहाँ पार्वतीले स्वस्थानी धर्मव्रत गरेको कुरामा टुङ्ग्याइएको छ। नेपाली साहित्यको इतिहासमा पाल्पामा यो स्वस्थानी सारिनुको आफ्नै महत्त्व देखिन्छ। श्रीनगर पाल्पाली राज्य महादत्तसेनले विसं १९४४ मा निर्माण गरेका थिए (धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, पाञ्चाली शासन-पद्धतिको ऐतिहासिक विवेचना, काठमाडौं : नेएअके, २०३५, पृ. ७३)। त्यसबेलादेखि त्यहाँ विद्वत् परम्परा बसेको चाल पाइन्छ। पाल्पाको काठमाडौं (तत्कालीन नेपाल) प्रति विशेष आकर्षण रहेको कुरा नेसं ६४५-६४६/विसं १५८१-१५८२ मा राजा मुकुन्दसेनले काठमाडौंमा हमला गरेकोबाट बुझ्न सकिन्छ (पूर्णिमा, पूर्णांक ४२, २०३६ पौष)। यसबाट नेवारहरूसंग सम्पर्क रहेको कुनै अज्ञात व्यक्तिले स्वस्थानी नेपालीमा रूपान्तर गरेकोमा त्यसको एक प्रति पाल्पामा पुगी प्रस्तुत प्राचीनतम नेपाली स्वस्थानी पाइएको देखिन्छ । नेपाली स्वस्थानीको पाण्डुलिपि परम्परा त्यति लामो रहन नपाउँदैमा विसं १९४२ मा लिथो रूपमा पहिलो स्वस्थानी परमेश्वरीको कथाहा छापियो (शरदचन्द्र शर्मा, *प्रज्ञा,* ४१/२०३९) । त्यसपछि पाण्डुलिपि परम्परा प्रायः बन्द भयो र थरिथरिका मुद्रित स्वस्थानी देखिन थाले । विसं १९४० को दशकमा मात्रै आधा दर्जन नेपाली स्वस्थानी मुद्रित भएको कुरा यहाँ स्मरणीय छ ।

मैथिली र हिन्दी स्वस्थानी बारेको नाटक पाइएको भएपनि वास्तवमा ती भाषाहरूमा यसको वाचन परम्परा छैन । ती नाटक तत्कालीन नेपालमा विदेशी भाषालाई महत्त्व दिने मनोवृत्तिको फलस्वरूप नेपालीहरूबाटै निर्मित हुन्। एकातिर स्वस्थानीको व्यापकता विदेशतिर पनि भएको छ भने अर्कोतिर नेपालकै सुदूर पश्चिमाञ्चलतिर यो पुग्न नसकेको देखिन्छ। यसबाट यसको उत्पत्तिस्थल काठमाडौं उपत्यकाको सांस्कृतिक प्रभावक्षेत्रको अनुमान गर्न सकिन्छ ।

© No part of this publication shall be reproduced in any form without written permission of Matina and the author of the article.

माथि एकठाउँ स्वस्थानी विविध पुराणहरूको गुम्फन भएर पनि यो नेपालको एक मौलिक कथा देखिएको चर्चा गरिएको छ। भर्खर माथि उल्लेख गरिएका विविध भाषाका स्वस्थानीका परम्पराले पनि यसको मौलिकताको दसी बक्दैन। ती त कुनै पुराण वा पुराणहरूकै अंगका रूपमा पनि प्रचलित हुँदै आएको हुनसक्छ । यसो हुँदा अब हामी नेपालीको ऐतिहासिक पौराणिक वा आख्यायिक प्रसंगहरू कोट्याऔं।

प्राचीन ऐतिहासिक राजा मानदेव (ई. ४६४-५०६) को जिजुबाजे वृषदेव (अन्दाजी ई. ४००-४१०) को पालामा निर्मित मानिएको चाबहिल चैत्यको अभिलेखमा 'किन्नरी जातक' को प्रसंग आएको छ (धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* काठमाडौं : नेएअसं, २०३०, अभिलेख संख्या १)। काठमाडौंको लाजिम्पाट र पशुपति तिलगंगामा मानदेवले आफ्नी आमा राज्यवतीको पुण्य बढाउन ई. ४६७ मा अभिलेख सहित विष्णुविक्रान्त मूर्ति स्थापना गराएका थिए। यो मूर्ति श्रीमद्भागवत पुराणको आठौं स्कन्धको १९-२० अध्यायमा वर्णित नारायणको वामन अवतारको त्रिविक्रम रूपको कथाको कलाकारद्वारा अभिव्यक्त चित्ररूप हो भन्ने देखिन्छ । लिच्छवि संस्कृत कवि अनुपरमले ३४ श्लोकको एक दार्शनिक काव्य 'भगवतो द्वैपायनस्य स्तोत्र' लेखेको हाँडिगाउँ सत्यनारायणस्थानमा एक स्तम्भ अभिलेखको रूपमा रहेको पाइएको छ । ई. ५४० भन्दा केही अघि रहेको यो वेद र पुराणका प्रणेता द्वैपायन (व्यास) को स्तोत्रले तत्कालीन नेपालमा उनको पुराणको लोकप्रियतालाई इङ्गित गर्छ (लिच्छविकालकालोकप्रियतालाई इङ्गित गर्छ (*लिच्छविकालका अभिलेख,* संख्या ३५)। यति मात्र होइन, द्वैपायनको शिष्य वैशम्पायनको पूजा निमित्त तिनका भक्तजनहरूले ई. ५३० मा गुठी राखेको अभिलेख पनि पाइएको छ (संख्या २८)। अफ वैशम्पायनको पनि शिष्य याज्ञवल्क्यद्वारा विकसित यजुर्वेदका शाखा कृष्णयजुर्वेदको 'तैत्तिरीय' शाखाको चर्चा पनि अभिलेखमा आएको छ। यी कुराहरूले प्राचीन नेपालमा भारतीय पुराणहरूको अध्ययन परम्परा बलियो भएको संकेत गर्दछ।

जे. एल्. शास्त्रीको सम्पादनमा अंग्रेजीमा प्राचीन भारतीय परम्परा र पुराणको प्रकाशनमाला दिल्लीस्थित मोतीलाल बनार सीदासको प्रकाशकत्वमा प्रकाशित गर्दै आएको छ। त्यस अन्तर्गत *लिङ्गपुराण* (ई. १९७३) को भूमिकामा पुरानो पुराणको पाठ्य सामग्रीमा पछिपछि अरु अंश थप्दै जाने क्रम रहेकोमा वर्तमान लिङ्गपुराण पाँचौं शताब्दीमा आजको कथ्यरूपमा स्थिर भएको हो ।

अब हामी नेसं ६९३ को स्वस्थानीको प्राचीनतम प्रतिको पुष्पिका वाक्य एकपटक पढौं - "इति श्रीलिङ्गपुराणे स्वस्थानपरमेश्वर्य्या व्रतकथा समाप्त" (पत्र ८ ख, दोस्रो-तेस्रो हरफ)। यहाँ लिङ्गपुराणे भनेको लिङ्गपुराणको परम्परा भनिएको हो, त्यस अन्तर्गत रहेको भनिएको होइन। यो कुरा बुझ्न यहाँ जयस्थिति मल्ल (नेसं ५०१-५१५) को राजपण्डित माणिक्यवर्द्धनद्वारा लिखित नेसं ५००/विसं १४३७ को *न्यायविकासिनी* (नारदसंहिताको नेपालभाषा टीका) को पुष्पिका वाक्य एकपटक पनि हेरौं । त्यसमा भनिएको छ - "इति मानवे न्यायशास्त्रे नारद प्रोक्तायां संहितायां न्यायधर्म पदानि समाप्तानि ।" यहाँ 'मानवे न्यायशास्त्रे' भनिएको मानव न्यायशास्त्रको परम्परामा भनेको स्पष्ट छ , किनभने नारदस्मृति बेग्लै संहिता ग्रन्थ हो । तर त्यस्तो ग्रन्थ मनुले शुरु गरेको हुँदा त्यसको परम्परा बुझाउन मध्यकालका ग्रन्थहरूमा पूर्व परम्परा संकेत गर्ने चलन देखिन्छ। यस उदाहरणबाट नारदस्मृति जस्तै स्वस्थानी व्रतकथा पनि एक स्वतन्त्र मौलिक कथा हुनसक्ने देखिन्छ। कति चाहिं हुनसक्छ भने पाँचौं शताब्दीसम्म लिङ्गपुराणमा कथाहरू थप्दै गए जस्तै एउटा अर्को कथा थप्ने सुर भने अज्ञात रचनाकारले गरेको बुझिन्छ ।

अब हामी वर्तमानमा प्रचलित स्वस्थानीको कथा विश्लेषण गरेर हेरौं । त्यसमा जम्मा चार किसिमका कथा श्रृङ्खलाहरू छन् । ती हुन् -

१. सृष्टि क्रम श्रृङ्खला, अध्याय १-२
२. महादेव-सतीदेवी श्रृङ्खला, अध्याय ३-११
३. शिव-पार्वती श्रृङ्खला, अध्याय १२-१८
४. गोमा-नवराज श्रृङ्खला, अध्याय १९-३१

स्वस्थानीमा भूगोल वर्णनलाई ठूलो महत्त्व दिइएको छ। प्रायःजसोमा 'श्रीस्वस्थानी कथाको भूगोल' भनेर एक पूरा नापको विशेष चित्र पनि दिने गरिएको छ। प्राचीनतम संस्कृत र नेपालभाषाको स्वस्थानीमा यो समावेश छैन। पछि कुन बेला थपियो खोज्नुपर्नेछ । उक्त संस्कृत र नेपालभाषा स्वस्थानी लिङ्गपुराणको परम्परामा लेखिएको कुरा पुष्पिकामा उल्लेख छ । यसो हुँदा लिङ्गपुराणको एक विशेषता सृष्टि वर्णन खण्डबाट प्रेरित भई यो सृष्टि वर्णन पछि कसैले थपेको देखिन्छ। संसारमा मानव मात्रलाई यो संसार कथा ब्रह्माण्ड कसरी सृष्टि भयो होला भन्ने कौतुहलता रहेको देखिएको छ र संसारका विभिन्न धर्मग्रन्थ र सामाजिक विश्वास अनुसार अनेकथरी सृष्टिको कल्पना गरेको देखिन्छ। यस क्रममा इटालीवासी ग्यालिलियो ग्यालिलि (ई. १५४०-१६४२) ले आफ्नो खगोलशास्त्रको संस्थापन गर्दा पृथ्वी गोलो भएको कुरा बताए । करीब त्यसैबेला यता नेपालमा प्रताप मल्ल (ई. १६४१-१६७४) ले ई. १६५६ मा अनेक पूर्वशास्त्र हेरी पृथ्वीको बारे एक शास्त्र प्रतिपादन गरी हनुमानढोका, मोहनचोकमा धातुबाट एक भूगोल बनाउन लगाए। त्यसमा भूगोल गोलो नभएर च्याप्टो थालजस्तो आकारको छ। प्रताप मल्ल पूववर्ती पुराणहरूबाट प्रभावित देखिन्छ। तर त्यसको नाम 'भूगोल' नै रहेको छ। यहाँ गोलको अर्थ गोलो नभएर परिधि बुझिन्छ।

स्वस्थानीमा सृष्टिक्रमको बयान गर्दा आरम्भमा दार्शनिक कुराहरू व्यक्त गरिएका छन्। मधुकैटवको बोसोबाट पृथ्वी, मासुबाट पर्वत र हाडबाट ढुंगा बनेको कुरा छ, यो कुनै पुराणको बयान हुनुपर्छ। सृष्टिक्रमको पछिल्लो बयान भने प्रताप मल्लको भूगोलसंग प्रायः मिल्छ । चौध भुवनमा तलतिरको ७ भुवन प्रताप मल्लले साकार रूपमा दिएका छन् । सात-सात द्वीप र त्यसलाई परिवेष्ठित समुद्र स्वस्थानी र प्रताप मल्ल दुबैमा उही छ । प्रताप मल्लले वर्ष (जस्तो भारतवर्ष) को बयान विस्तारपूर्वक गरेका छन् । अष्टपर्वत स्वस्थानीमा छ भने प्रताप मल्लले जानेजति सबै पर्वतको नाम दिएका छन्। सुमेरू पर्वत वरपर सृष्टि गरिएका भनिएका सबै आठै दिशा उपदिशामा पुरीहरू दुबैमा समान छन्। यी समानताले यस्तो लाग्छ प्रताप मल्लको यस प्रभावकारी 'भूगोल'को निर्माणपछि नै स्वस्थानीमा भूगोलको विशेष बयान गर्ने चलन चल्यो होला, त्यो पनि अहिले सवातीनसय वर्षभन्दा बढी भैसक्यो ।

© No part of this publication shall be reproduced in any form without written permission of Matina and the author of the article.

स्वस्थानीको दोस्रो कथा श्रृङ्खला महादेव र सतीदेवीको विविध घटनावली रहेको छ । लिङ्गपुराणमा दक्षप्रजापतिको प्रसंग पाइन्छ । खास गरी यो कथाको गुम्फन स्कन्दपुराणबाट भएको देखिन्छ । यसै हुँदा स्वस्थानीको प्रारम्भिक कथा अंश भएकोले पनि अचेल स्वस्थानीलाई स्कन्दपुराण अन्तर्गत भनी बढी चल्ती भएको देखिन्छ । यस श्रृङ्खलामा सतीदेवीको अंग पतन भएको ठाउँमा पीठ उत्पन्न भएको विशेष चर्चा (अध्याय ९ र १०) छ । यो चर्चा पछि आएर भारतवर्ष तथा जम्बुद्वीपभरिको शैवस्थललाई समग्ररूपमा समेट्ने सूत्रको रूपमा विकास भएको देखिन्छ । यस पीठोत्पत्तिबाट प्रभावित भएर नेपालमा नेपाल महात्म्यमा वर्णित चौसाठी शिवलिङ्ग दर्शन गर्न जाने परम्परा रहेको छ । यो अज्ञातरूपले लिच्छविकालीन बस्ती तथा त्यहाँको शैवस्थल घुम्ने वार्षिक चलन भएको देखिन्छ, किनभने चौंसाठी शिवलिङ्गमा लिच्छविकालको नेपालमण्डलमा रहेका शिवलिङ्ग नै प्रमुख रहेका छन् । चौसाठी लिङ्गको परिधि पनि नेपालमण्डलभरि मात्र छ । स्मरणीय छ, यो महादेव-सतीदेवी प्रसंग र पीठोत्पत्तिको कुरा प्राचीनतम स्वस्थानीमा छैन । तेस्रो कथा श्रृङ्खला शिव-पार्वतीको प्रसंग पनि प्राचीनतम स्वस्थानीमा छैन । यस श्रृङ्खलामा रहेको मदनदहनको प्रसंग लिङ्गपुराण (अध्याय १०१) र स्कन्दपुराण (अध्याय २१) मा छ । लिङ्गपुराणमा गणेश उत्पत्ति कथा (अध्याय १०५) पनि छ । तारकासुरको प्रसंग स्कन्दपुराण (अध्याय २०) मा छ । यस श्रृङ्खलाको मुख्य घटना जलन्धर -वृन्दाको प्रसंग लिङ्गपुराण, स्कन्दपुराण, पद्मपुराण र शिवपुराणमा पनि रहेको छ ।

स्वस्थानीको चौथो तथा अन्तिम श्रृङ्खला गोमा-नवराजबारेको कथा भने मौलिक कथा हो । संस्कृत र नेपालभाषाको प्राचीनतम स्वस्थानीमा केवल यही कथा मात्र छ । यसबाट स्वस्थानीमा अहिले विशेष स्थान पाएको सृष्टिकथा, महादेव-सतीदेवीको घटना, शिव-पार्वतीको प्रसंगका श्रृङ्खलाहरू पछि थपिँदै गएको स्पष्ट छ । स्वस्थानीका समय क्रमिक अध्ययन गरेको खण्डमा सो कुरा खुलस्त हुनेछ । गोमा-नवराजको कथा मौलिक रहेकोबारे एउटा रोचक परम्परा पनि छ । त्यो के भने, नेसं ६९३ देखिको सो कथा विस्तृत स्वस्थानीहरूमा समावेश गर्ने चलन छ । तर त्यसका पाठभेदहरू भएका छन् । उदाहरणको लागि सर्वहितैषी कम्पनी, वनारसको स्वस्थानीमा "श्रीस्वस्थानी व्रतकथा प्रारम्भः" भनी १५३ श्लोकको संस्कृत मूल स्वस्थानी (पृ. १०-१७) प्रकाशित गरेको छ । जयनेपाल प्रकाशन, वनारसले पनि आफ्नो असली ठूलो श्रीस्वस्थानी व्रतकथामा १५५ श्लोकको "अथ स्वस्थानीव्रतकथा प्रारम्भः" (पृ. ८-२०) भनी मूल स्वस्थानी कथा आफ्नै ढंगले दिएको छ । यसमा ७५ श्लोकमा यसको नेपाली श्लोकानुवाद पनि दिइएको छ । यस्तै अरु स्वस्थानीमा मूल संस्कृत स्वस्थानीकथा दिने गरेको देखिएको छ ।

गोमा-नवराजको कथा नेपालको मौलिक कथा हुन सक्ने एउटा अर्को सन्दर्भ पनि छ । Vettam Mani नामको विद्वान्ले ई. १९६४ मा मलयालम भाषामा *Puranic Encyclopaedia* बनाएका छन् । त्यसको अंग्रेजी अनुवाद ई. १९७५ मा दिल्लीस्थित मोतीलाल बनार सीदासबाट प्रकाशित भएको छ । त्यो भारतीय पुराणहरूमा आएका स्थान तथा व्यक्तिबारेको विश्वकोश हो । पछि नेपालमा बनेको हुँदा त्यसमा स्वस्थानीको चर्चा छैन । त्यसैले त्यसमा गोमा, शिवभट्ट, नवराज तथा चन्द्रावतीबारे पनि उल्लेख छैन ।

स्वस्थानी सबभन्दा पहिले पाउँदा कथा र व्रतविधि दुबै गरी ताडपत्रमा केवल ८ पत्र पाइएको थियो । पछि यसमा अनेक प्रसंगहरू जोडिँदै जाँदा ५७ गुणासम्म बढेर ४५८ पत्रसम्मका बने । भक्तपुरमा छविचित्रित जी ७८/२० संख्याको सबभन्दा मोटो उक्त स्वस्थानी नेसं१०४०/विसं१९७७ मा देवनागरी लिपि प्रयोग गरी नेपालभाषामा लेखिएको छ ।

मूल स्वस्थानीमा नाङ्गै फूलमा खेलिरहेकी गोमा अहिले आमाबाबुको लागि अक्षता केलाइरहेकी छिन् । घरमा आमा छँदै जोगी आएकोमा आमालाई अहिले बाहिर पठाइएको छ । पहिले एकजना ऋषि गोमाकहाँ पुगेकोमा अहिले सप्तर्षि पुऱ्याइएको छ । गोमाले पान किन्न जाँदा अहिले चमत्कारपूर्ण रित्तो भाँडोबाट पनि पान उत्पन्न हुन्छ । नवराजकी बाहुनीको पहिले नाम थिएन, अहिले चन्द्रावती नाम रहेको छ । नेसं ७५५ को असनमा प्राप्त स्वस्थानीमा तिनी 'नन्दिता' हुन्छिन् । नवराजहरू बसेको देशको नाम थिएन, अहिले त्यो 'लावण्यदेश' भएको छ । लावण्यदेशकी राजकुमारी मूल कथामा थिएन, अहिले तिनलाई 'लावण्यमती' बनाएर नवराजलाई बहुविवाह गराइदिएको छ । नवराजलाई आमा सहित हात्तीमा चढाएर लगेकोलाई अहिले हात्तीद्वारा राजा छान्ने परिकल्पना जोडिएको छ । माइत गएकी नवराजकी बाहुनी फर्कंदा डुबेको नदीको नाम थिएन, अहिले त्यो 'शालीनदी' भएको छ । कपिलदेव ब्राह्मणहरूले दरवारमा एक सुन्दरीको बयान गरेको प्रसंगलाई अहिले घुमाएर तिनीहरूले पापिनीलाई खाना माग्दा राजदरवारको खजाना नै सुकेको देखाइएको छ ।

स्वस्थानीको कथा जनस्तरमा ओर्लेकोले यसलाई जनधारणा र जन-आकांक्षा अनुरूप थप्दै लगेको देखिन्छ । कथालाई प्रभावकारी बनाउन यसमा चातुर्यपूर्ण प्रसंगहरू जोडिँदै गए । यसमा जनभावना अनुसार कामकुराहरू आरोपित गरिँदै गए । यसरी लामो यात्रा गर्दा यसमा समयसमयका धार्मिक-सांस्कृतिक मान्यताहरू पनि घुसिँदै गए ।

गोमा-नवराजको कथा श्रृङ्खला पुराणहरूमा नभएर पनि मूल स्वस्थानीमै 'कपिलब्राह्मण' को चर्चा भएको खुल्दुली लाग्दो छ । कथा प्रसंग केही नमिले पनि यो नाम भने पद्मपुराण (चतुर्थ भाग, अध्याय ३१) मा उल्लिखित छ ।

स्वस्थानीको एउटा रमाइलो पक्ष स्थानीयकरण हो । यो प्रक्रिया कहिलेदेखि शुरु भयो खोजी गर्न लायक छ । शिवपुराण र अरुहरूमा महादेवले किरात रूप धारण गरेको र अर्जुनसंग भेट भएको चर्चा छ । स्वस्थानीले 'किरातेश्वर' महादेव नै लिङ्ग रूपमा लोकप्रिय बनाइदिए । त्यसको स्थान पनि नेपाल पशुपति क्षेत्र 'मृगस्थली' निश्चित गरिदिए । यहीं महादेव मृगको रूप लिई खेल्न आए । त्यसरी नै पार्वतीले गुह्येश्वरीनेर 'गौरीघाट'मा तपस्या गरे । गौरीघाटमा पुलमुनिको एउटा पानीले छियाछिया पारेको शिलाविशेषको एक अंशलाई अहिले भक्तजनहरूले पार्वतीको रूपमा देख्न थालिसकेका छन् । अहिले सबैलाई थाहा

© No part of this publication shall be reproduced in any form without written permission of Matina and the author of the article.

भइसकेको छ नवराजकी पहिली दुलही चन्द्रावती लावण्यदेश फर्कंदा स्वस्थानीलाई निन्दा गरेको फल भोग्न साँखुनेरको 'शालीनदी' मा खसेकी थिई । शायद लावण्यदेश चाहिं साँखु होला, अनि नवराजले त्यहाँ शासन गरेको होला । स्मरणीय छ, माथि उल्लिखित *Puranic Encyclopaedia* मा किरातेश्वर, मृगस्थली, गौरीघाट, शालीनदी कुनै पनि छैन । यी स्थानहरू स्वस्थानीमा स्थानीयकरण गरि एका हुन् ।

स्वस्थानीमा विविध पाठ्य रूप पाइन्छन् । यसको व्रतविधि मात्र, कथा मात्र र व्रतविधि सहित कथा आदि रूपमा प्रशस्त पाइन्छन् । यसको नाटक र कविता रूपमा पनि चर्चा पाइन्छ । नाटकमा सबभन्दा पहिले भाष्कर मल्ल (नेसं ८२०-४२) विरचित नेसं ८३१/विसं १७६७ को मैथिली भाषामा स्वस्थानी परमेश्वरी व्रतचरित्र १४ अंके नाटक पाइएको छ। नेपाललिपिमा थ्यासफूमा १०७ पत्र भएको ई २१४/२ संख्यामा छविचित्रित यो ग्रन्थ हाल आशा सफूकुथि, काठमाडौंमा ने.प्या. ३१ संख्यामा सुरक्षित छ । आशा सफूकुथिमा ने.प्या. ३० मा एक अर्को मैथिली नाटक छ । यो उक्त नाटककै संक्षिप्तीकृत टिपोट जस्तो बुझिन्छ । यसबाहेक मैथिली भाषामा स्वस्थानी व्रतकथा अरु कुनै रूपमा पाइएको छैन ।

नेपालभाषामा पनि जयप्रकाश मल्ल (नेसं ८५६-८८८) लिखित अपूर्ण (पत्र २०) स्वस्थानी व्रतकथा नाटक पाइएको छ । थ्यासफूमा नेपाललिपिमा लिखित यो नाटक पाटनबाट व्यक्तिगत रूपमा सेप्टेम्बर ६, १९७६ मा छविचित्र लिन ल्याइएको थियो । यसको छविचित्र संख्या ई ४५/१३ हो । यसमा ठाउँठाउँमा मैथिली वाक्यहरू घुसेका छन् ।

हिन्दीमा स्वस्थानी कौतुक नामको सुरेन्द्रविक्रम शाह (विसं १९०४-१९३८) को पालामा थ्यासफूमा त्रिरत्नमुनि गुभाजुले सारेको पत्र ४२ को नेपाललिपिमा लेखिएको विसं १९२९ को नाटक पाइएको छ । यो दश अंकमा पूर्ण रहेको छ । यसको छविचित्र ई ११६१/७ हो । हाल यो आशा सफूकुथिमा ने.प्या. ०२९ संख्यामा सुरक्षित छ । प्रायः सबैजसो पुराना नेपालभित्र रचिएका अन्य भाषाका नाटकको निर्देशन वाक्य नेपालभाषामा भएझैं त्यस्तो व्यवस्था यसमा पनि भएको छ । हिन्दीमा एउटा स्वस्थानी भजन तथा स्तुति आकाशभैरव भजन मण्डलको पुस्तकमा पाइएको छ (अच्युतानन्द राजोपाध्याय, श्रीस्वस्थानी धर्मव्रत कथा, नेसं ११००/विसं २०३७, पृ. ३४९-५० तथा ऐश्वर्यधर शर्मा, *स्वस्थानी,* २०४५, पृ. १४४) । एउटा अचम्म लाग्ने कुरा छ, त्यत्रो विघ्न स्वस्थानी कथा पाइएको नेपालभाषामा स्वस्थानी सम्बन्धी भजनगीत भने पाइएको छैन ।

डा. जनकलाल वैद्यले स्वस्थानीको कथामा आधारित नेपालभाषाको नाटक *कल्याणी* (पाटन, नेसं १०८७/विसं २०२४) प्रकाशित गर्नुभएको छ । स्वस्थानीको एक प्रभावकारी कथा जालन्धर-वृन्दाको घटनालाई लिएर विजय मल्लद्वारा लिखित सतीवृन्दा नृत्यनाटिका विसं २०३३ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले मञ्चन गरेको थियो । त्यसलाई श्रीस्वस्थानी व्रतकथाको आधारमा निर्मित बताइएको छ । त्यसबारेको पुस्तिका अनुसार सत्यमोहन जोशीले स्वस्थानीको मंगलाचरण रच्नु भएको छ । स्वस्थानीको लोकप्रियताले गर्दा मूल स्वस्थानीसंग सम्बन्ध नभएपनि यससंग सम्बन्ध गाँस्ने प्रवृत्ति नेपालीहरूमा बढ्दै गइरहेको छ । स्वस्थानीमा गाभिएर अन्य विविध कथाले लोकप्रियता हासिल गरेको छ । सती वृन्दाको कथा त्यस्तै भएको हो । वास्तवमा यसको कथाको बीज लिङ्ग, स्कन्द, पद्म वा शिव-पुराणमा पाइन्छ । केही वर्षअघि सयपत्री फिल्म प्रोडक्सनले आफ्नो 'तिलहरि' (२०४६) चलचित्रलाई स्वस्थानीको कथामा आधारित भनी प्रचार गरेको थियो । तर त्यसमा स्वस्थानी कथाका कथा नभई एक स्वतन्त्र आधुनिक सामाजिक कथाको चित्रण छ । स्वस्थानीको नाममा त्यहाँ स्वस्थानीको व्रतोपासना गर्दा बिर्सिएको नायकको भेट हुन्छ । निर्मात्री सुमित्रा पौड्यालको स्वीकारोक्ति छ - "साँचो मनले व्रत अनुष्ठान गरे मनको इच्छा पूरा हुनसक्ने जनविश्वासलाई मात्र दोहोऱ्याएकी हुँ" (सुसन मास्के, 'स्वस्थानी : सन्दर्भ एक मिथकको', *अस्मिता,* २:७, २०४६, फागुन-चैत, पृ. ४८) । यसरी स्वस्थानी नाट्यरूपमा डबलीदेखि चलचित्र घरसम्म पुगेको छ ।

स्वस्थानीको चर्चा मूर्ति तथा चित्रकलामा यसको स्थानबारे दुई शब्द नकोरी पूरा हुँदैन । नेपालमा स्वस्थानीको व्रतकथा श्रवणका साथै मूर्ति स्थापनाको परम्परा रहेको कुरा चाल पाइएको छ । नेसं ७७२/विसं १७०८ को ताडपत्रमा एक संस्कृत स्वस्थानीमा (छविचित्र बी १३/२७) दैवज्ञ मोतिराजले स्वस्थानी सारेकोमा त्यसमा नेसं ७८९ को एक घटना पछि टिपिएको छ - "सम्बत् ७८९ माघ शुक्ल पूर्णमासी शुक्रवार थ्वकुन्हु दैवज्ञ मोतिराज भारोन ल्वहोन देवी दयकाव थवछेस थ्व स्त्री रामेश्वरी स्वस्थानी धर्म दनका जुरो" । (नेसं ७८९/विसं १७२५ माघ शुक्ल पूर्णिमा शुक्रवारका दिन दैवज्ञ मोतिराज भारोले प्रस्तरको देवी बनाई आफ्नो घरमा आफ्नी स्त्री रामेश्वरीका साथ स्वस्थानी धर्म उपासना गरियो ।)

यही परम्परामा नेसं ७९४/विसं १७३० मा राजा प्रताप मल्लले काठमाडौं, मखन तारिणीबहालमा अभिलेखसहित 'श्री ३ शिवसहितन श्री ३ स्वस्थानीपरमेश्वरी' को प्रस्तर मूर्ति स्थापना गरेका थिए । शायद यो स्वस्थानीको नेपालमा प्राप्त प्राचीनतम मूर्ति हो, अरु पाइएको थाहा भएको छैन । सो मूर्ति उक्त स्थानमा जानेबित्तिकै देखिने गरी पश्चिमाभिमुख रहेको छ । स्वस्थानी मूर्तिमा चार हातमध्ये माथि दायाँ खड्ग, बायाँ ढाल समातेको छ भने तल दायाँ अभयमुद्रा र बायाँ वरदमुद्रामा रहेको छ । सिंहमाथि सुखासनमा रहेको मूर्तिको शिरमा मुकुट र कानमा पुष्पकुण्डल लगाइएको छ । स्वस्थानीको दायाँ शिव वृषभासनमा अक्षमाला, त्रिशूल, पात्र हातमा लिएर वरदमुद्रामा चित्रित छ । शिवमूर्ति परम्परामा शायद यो नौलो प्रतिमा लक्षण होला । यी मूर्तिको प्रकाशन ऐश्वर्यधर शर्माले आफ्नो स्वस्थानीको आवरण पृष्ठमा गर्नुभएको छ ।

शिव-पार्वतीको यो मूर्तिलाई कसैकसैले उमामहेश्वरको मूर्ति मानेका छन् । हेमराज शाक्य र तुलसीराम वैद्यहरूले यसलाई उमामहेश्वर मानेर आयुध भने फरक रहेको बताएका छन् (*Medieval Nepal : Colophons and Inscriptions*, 1970, Inscr. No. 36) । गौतमवज्र वज्राचार्यले यसलाई सामान्य उमामहेश्वर मानेका छन् (हनूमान्ढोका

© No part of this publication shall be reproduced in any form without written permission of Matina and the author of the article.

राजदरवार, २०३३, अभिलेख सं. ३७)। ऐश्वर्यधर शर्माले यसलाई स्वस्थानीको रूपमा विशेष चर्चामा ल्याउनुभयो । यो मूर्तिको तुलना उमामहेश्वरसंग गर्नु वाञ्छनीय छ ।

शिव-पार्वतीको मूर्ति कलाकारले स्वस्थानी व्रतकथाको आधारमा बनाएको देखिन्छ। नेसं ६९३ को संस्कृत स्वस्थानीमा स्वस्थानीको स्वरूप यसरी दिइएको छ -

सुवर्ण्णवर्ण्णदीप्ताभा त्रिनेत्रा कमलानन ॥
सिंहासनासमासीता सर्व्वालंकार भूषिता ॥
नीलोत्पलाभया वामे दक्षिणे वरदा शुभा ॥
खड्गचर्मधरा चार्द्ध वामदक्षिणयोः क्रमात् ॥
चतुर्भुजन्तुमा तत्र पूजयेद् वृषकेतनं ॥
एवं ध्यात्वा महादेवि स्वस्थानजगदीश्वरौ ॥
(पत्र १ ख. ५-२ क. १)

नेपालभाषामा यसको अनुवाद गर्दा नेसं ७२३ को स्वस्थानी, पत्र ९ ख. ४-५ मा लेखिएको छ - "चतुर्भुज त्रिनेत्र उथ्य थथिगो शिव-शक्ति मूर्ति ध्यान याय जुरो ।" (चार हात, तीन आँखा उस्तै भएको शिव-शक्ति मूर्तिलाई ध्यान गर्नुपर्छ) ।

स्वस्थानीको प्रस्तर मूर्ति मात्र होइन चित्रकलाको परम्परा पनि रहेको छ । स्वस्थानी अभिलेख ग्रन्थहरूमा गाता चित्र तथा ग्रन्थ चित्रका रूपमा स्वस्थानीको चित्र बनाउने परम्परा पनि छ । तिनको अध्ययन गर्नसके स्वस्थानी चित्रकलाको विकास प्रक्रिया थाहाँ हुनेछ । छविचित्रको क्याटलग कार्डमा नेसं ९२८/विसं १८६४ को स्वस्थानी (ई ३८१/३६), विसं १९३८ तिर पृथ्वीवीरविक्रम शाहदेवको पालामा लालसिंहले बनाएको स्वस्थानी (जी ६०/९) मा स्वस्थानीको मुनि अष्टमातृका चित्रण गरिएको पाइएको छ। त्यस्तै विसं १९७२ को स्वस्थानी (जी १९७/१०) मा पनि चित्र रहेको छ । वर्तमान समयमा पनि स्वस्थानीको प्रभावस्वरूप चित्र लेख्ने परम्परा रहेको कुरा सन् १९८५ मा Wisconsin University बाट *The Swasthani Vrata : Newar Women and Ritual in Nepal* विषयमा विद्यावारिधि गर्ने श्रीमती Linda Louise Iltis ले आफ्नो अनुसन्धान प्रबन्धमा साँखुको भूवेन्द्र आर्ट स्टुडियोबाट 'स्वस्थानी चित्र' नामले पार्वतीको तपस्यामा मारले दुःख दिइरहेको चित्रण भएको चित्र (पृ. ४८) प्रस्तुत गर्नुभएको छ। ऐश्वर्यधर शर्माले आफ्नो पुस्तक स्वस्थानीमा शुरुमै स्वस्थानीको 'यन्त्र' समेत विकास भएको चित्र प्रस्तुत गर्नुभएको छ ।

स्वस्थानीको चित्र बनाउने सिलसिलामा अचेल स्वस्थानी पुस्तकहरूमा एक पूरा पृष्ठ रंगीन स्वस्थानीको चित्र दिने गरिन्छ । त्यसमा अष्टमातृका पद्मपत्रदलमा चारैतिर चित्रण गरी बीचमा स्वस्थानी रहेको छ। यहाँ स्वस्थानीदेवीले माथि दायाँ त्रिशूल, बायाँ कमलको फूल, तल दायाँ तरवार र बायाँ ढाल समातेको चित्र देखाइएको छ । संस्कृत श्लोक पनि सोही अनुसार प्रचलनमा आएको छ । यसरी स्वस्थानीको आयुधमा समयअनुसार केही परिवर्तन पनि हुने गरेको छ ।

विभिन्न विचारधाराका मानिसहरूले स्वस्थानीलाई आ-आफ्नो ढंगले व्याख्या गर्ने पनि गरिएको छ । यसको लोकप्रियताले गर्दा बौद्ध जगत्मा पनि स्वस्थानी बनाउने प्रयास भएको छ। त्यस्तो एउटा स्वस्थानी सप्तमुनि वज्राचार्य, काठमाडौंबाट प्राप्त भएको जानकारी त्यसको एक पत्र प्रकाशित गरी (पृ. ४७) अनुसन्धाता इल्तिसले जानकारी दिनुभएको छ। बौद्ध स्वस्थानीमा 'शाक्यमुनि बुद्ध'लाई केन्द्रीय चरित्र बनाइएको छ भने स्वस्थानीको भूमिकामा 'महामाया'लाई राखिएको छ । महामाया शैव स्वस्थानीमा शिवको आराध्यदेव महाकालीको रूपमा र बौद्ध स्वस्थानीमा बुद्धकी आमाको रूपमा चित्रित छ। यो नेसं ९५१/विसं १८८७ को अभिलेख ग्रन्थमा पाइएको हो (पृ. ४६) ।

स्वस्थानीको आध्यात्मिक ढंगले अध्ययन मनन गरी एक दार्शनिक आधार बनाउने सुर ऐश्वर्यधर शर्माले गर्नुभएको छ। उहाँले आफ्नो 'स्वस्थानी-शक्ति' (*आर्ष वाङ्मय*, १:१, २०४६, पृ. ३४-४०) लेखमा स्वस्थानीको दार्शनिक व्याख्या दिने प्रयास गर्नुभएको छ । त्यहाँ आयुधहरूको प्रतीकात्मक अर्थ पनि दिइएको छ ।

स्वस्थानी एक सामाजिक चरित्रको व्रतकथा हुनाले वामपन्थी साहित्यकारहरूले विशेष चासो लिन थालेका छन् । यस सम्बन्धमा प्रसिद्ध साहित्यकार तथा वामपन्थी नेता मोदनाथ 'प्रश्रित'ले स्वस्थानीलाई वामपन्थी दृष्टिले हेरी निम्नानुसार मूल्यांकन गर्नुभएको छ -

स्वस्थानी व्रतकथा मध्यकालीन सामन्ती बिगबिगीको वेला सर्वसाधारण जनताको ध्यान राजनीतिक चेतना, आर्थिक अधिकार र सामाजिक प्रतिष्ठाको कामना आदिबाट बहकाएर सबै समस्याको समाधान पूजापाठ जस्ता धार्मिक उपायबाट मात्र संभव हुन्छ भनी उनीहरूलाई असम्भव काल्पनिक भुलभुलैयामा पार्ने सामन्ती स्वार्थले लेखिएको हो ।
(मास्के, २०४६, पृ. ४६)

स्मरणीय छ स्वस्थानी एक ऐतिहासिक घटना नभएर एक परिकल्पित कथा हो । यसलाई धार्मिक अनुष्ठानको बेला व्रतकथाको रूपमा विकसित गराए । यो राजकीयभन्दा बढी जनभावना अनुकूल विकास गर्दै लगेको जनस्तरीय कथा श्रृङ्खला हो। धार्मिक विश्वास अनुसार यो शैव कथा हो, तर यसलाई वैष्णव पनि बनाई मूल हिन्दू धर्मको सहिष्णुतायुक्त एक राष्ट्रिय धर्मधाराको रूपमा विकास गरेको छ। यसमा शिव र विष्णुको अन्योन्याश्रित सम्बन्ध कायम गर्न खोजिएको छ । यसमा हरिहरको एकाकार दर्शनलाई कथा रूपमा मूर्तरूप दिन खोजिएको छ । नेपालको सहिष्णुताको इतिहासमा यो दर्शन ई. ५६५ मा पशुपति देउपाटनमा स्वामी वार्तले शंकर नारायण (अर्धशौरीश्वर अथवा हरिहर)को मूर्ति स्थापना गरिएदेखि नै भइसकेको थियो ।

स्वस्थानीको व्यापक जनचासो देखेर केही नवदर्शनाचार्यहरूले पनि यसमा चासो देखाउन थालेका छन् । यस सिलसिलामा योगी विकासानन्दले अग्निपरीक्षाः स्वस्थानी व्रतकथाको (जागृति प्रकाशन, ई. १९९०) प्रकाशित गर्नुभएको छ । लेखकले यसमा स्वस्थानीमा चित्रित अवैज्ञानिक कुराहरूप्रति बढी आपत्ति जनाएका छन् ।

स्वस्थानीले आज चारसयभन्दा बढी वर्षको यात्रा पूरा गरिसकेको छ । यस अवधिमा यसले अनेक आरोह-अवरोह पार गरेको छ ।

© No part of this publication shall be reproduced in any form without written permission of Matina and the author of the article.

संस्कृत साहित्यमा यसले नेपालको मौलिक परम्पराको निर्वाह गरेको छ भने नेपालभाषा साहित्यमा यसले गद्यको एक लामो प्रवाह बगाएको छ। नेपाली उपन्यासको फाँटलाई भने यसले एक प्रारूप प्रदान गरेको छ। नेपाली मात्रलाई साहित्यको रसास्वादन गराएको छ र कथावाचनको एक खास लय प्रदान गरेको छ। स्वस्थानीको ऐतिहासिक विकासक्रम पहिल्याउन सके यसले नेपालको सांस्कृतिक इतिहासको एक पक्ष उद्घाटन गर्नेछ। कलाको इतिहासमा पनि यसले एक अलग पहिचान कायम गरेको छ। यसरी स्वस्थानी आज नेपालको एक चासोको विषय बनेको छ।

प्राचीनतम स्वस्थानीको कथासार

(नेसं ७२३ को नेपालभाषा स्वस्थानीको आधारमा)

परापूर्वकालमा ब्रम्हपुरी नगरमा शिवभक्त ब्राह्मण र उनकी स्त्री सती सम्पत्ति कमाई गंगातीरमा बसेका थिए। एकदिन त्यसै बसिरहँदा अकस्मात् एउटा गाई आई गोब्रायो र त्यस गोबरबाट अति लक्षणवती कन्या जन्मिन्। हाम्रो भाग्यले छोरी पायौं भनी ती दम्पत्तिले घर लगी आफ्नो मर्यादा अनुसार जातकर्म गरी गोमय्जु नाम राखे। केटीको शीलस्वभाव र ब्राह्मण परिवारको दानदक्षिणाले इन्द्रासन लिनसक्ने देखेर इन्द्र कैलाशमा महादेवकहाँ गई रक्षा गर्न अनुरोध गर्दा महादेव कापालिक भेष धरी ब्राह्मणको घरमा भिक्षा माग्न पुगे। त्यसबेला फूलमा खेलिरहेकी गोमय्जुले डमरुको आवाज सुनिनन् र आमाले कराएपछि मात्र सुनी भित्रबाट अन्न ल्याई भिक्षा दिन आइन्। भिक्षुक महादेवले बिना वस्त्र नाङ्गै भिक्षा दिन आएकीले अनादर गरी भनी रिसाएर आठ वर्ष हुँदा बूढो लोग्ने पाओस् भन्ने श्राप दिई कैलाश गए। महादेव कैलाश पुग्दा पार्वतीले स्वस्थानी व्रत भर्खर सिध्याएकी थिइन्। महादेवको अगाडि पार्वतीले आसव ऋषिलाई मर्त्यलोकमा गई सो धर्मव्रत पालन गराउन अऱ्हाए।

गोमय्जुको विवाहको बेला हुन लाग्दा पनि कसैले माग्न नआएको र श्राप फलले गर्दा अस्सी वर्षको शिव शर्माले मागेर विवाह गरी गर्भवती भई। शिव शर्मा महिना दिनभित्रै आउँछु भनी देशान्तर गए। त्यसबेला गोमय्जुबाट जन्मेको बच्चा नगरवासीले स्याहारे र जातकर्म गरी नवराज नाम राखिदिए। नवराजले एकदिन आमासित आफ्नो बाबुबारे सोधी परदेश खोज्न गई आफ्ना पिता मरेको थाहा पाई गंगामा श्राद्ध-तर्पण गरी फर्के।

यता नवराजकी दुलही माइत गई र गोमय्जु लाजले नगर छोडी नदी किनार झुपडीमा बसिरहँदा गोठालाहरूबाट उनी दुःखी छिन् भन्ने चाल पाई महादेव-पार्वतीले पठाएको ऋषि आसव त्यहाँ पुगी स्वस्थानी धर्मव्रत विधि बताए। ऋषि घर आएकोमा पिराआसन दिई स्वागत गर्न घरमा केही नहुँदा काटेको धागो लगी पान किनी घर फर्कंदा ऋषिले पिरामुनि 'धन' छोडी गइसकेको र त्यही धनले सार्जाम जोडी व्रत पूरा गर्दा नवराज आइपुगे र उनलाई नियमानुसार आठ अक्षता रोटी दिइन्।

केही कालपछि त्यस देशका राजा मरे, राजा बिना प्रजा रहनु मनासिब नहुने हुँदा मन्त्रीहरूको सल्लाहले एकमत भई राजचिन्ह भएका एक प्रजा नवराजलाई आमासहित हात्ती चढाई राज्याभिषेक गरी राजा बनाए।

राजा भएपछि नवराजले स्वास्नीको खोजी गरे। उनलाई लिन पठाएर फर्कंदा एक नदी तीरमा पुष्पवृष्टि भएको देखी त्यस ठाउँमा भरियाहरू हेर्न गएका र त्यहाँ अप्सराहरूले स्वस्थानीको व्रत अनुष्ठान गरेको कुरा गर्दा नपत्याई बाहुनीले निन्दा गर्दा नदी बढी तीनैजनालाई बगाएको र त्यसबेला स्वस्थानी परमेश्वरी आई दुई भक्तजनलाई स्वर्ग लगिन्। स्वस्थानीको निन्दा गरेकीले बाहुनीलाई पाप भोग्न नदीमै बाऱ्ह वर्ष रहन छोडेर गए। बाऱ्ह वर्षपछि माझीहरूले जाल हान्दा मूढो रूपमा रहेकी बाहुनी बाहिर फ्याँकिइन्। यसरी जमीनमा रहेको बाऱ्ह वर्ष बित्न लाग्दा नवराज राजाले सत्तल बनाएको उपलक्ष्यमा देशभरका ब्राह्मण निमन्त्रण गरेकोमा कपिलदेव ब्राह्मणहरू आइरहँदा नदी किनारमा स्वस्थानी व्रत गर्न आतुर तर अज्ञान एक आइमाई स्वरूपकीले व्रतविधिबारे जानकारी माग्दा ब्राह्मणहरूले बालुवा-पानीबाटै सब सार्जामको काम लिन सिकाए। ब्राह्मणहरूले हेर्दाहेर्दै उनी दिव्य सुन्दरी भइन्। सो घटना गोमय्जु र नवराजले सुनी आफ्नी हराएकी बाहुनी हुनुपर्छ भन्ने ठम्याई वेद पाठ सहित स्वागत गरी राजदरवार भित्र्याए र विधिपूर्वक राजसिंहासनमा राखी राज्याभिषेक गरी तीन आमा-छोरा-बुहारी ब्राह्मणहरूबाट आशिर्वाद पाई आनन्दले रहे। ●

Jeddo Print
Unit 32, 63 Jeddo
Road,London, W12 9RD

MATINA मतिना

मतिना

स्वलापौ दँ ७ ल्या: १५ कछला नेसं ११३३ Quarterly Magazine Vol.7 Issue 15 November 2012 त्रैमासिक पत्रिका वर्ष ७ अंक १५ कार्तिक २०६९

Preserving Our Culture & Language

म्हपूजा व न्हूदँ
ने.सं.११३३या भिंतुना

Happy New Year
Nepal Era 1133
& Mha Puja Festival

SGT
Saral Kumar Shrestha

Best Warrior 2012 of the US Army

Nepal Rs.50.00 India Rs.50.00 UK £3.00 Europe Euro 7.00 USA and rest of the world $7.00